कीर्तिपुरको चित्रण

काठमाण्डौ जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ५ अंक ३४ (संयुक्तांक २३९) ने. सं. ११३६ चिल्लागा सप्तमी बुधवा: २०७२ चैत्र १७ गते बुधवार (Mar 30, 2016) मूल्य रु.५/- पृष्ठ १२

India's 1 Playschool Chain
SHEMROCK SIMRIK



## Admission Open
PreNursery to Kindergarten

Delhi's No. 1 Preparatory School

FEATURES >>
- Well Conceptualized & Child-Friendly Environment
- Unique Shemrock System of Education
- Activity Oriented Shemrock Learning Material
- Theme-based Activities
- Basic Skill Development
- All Round Personality Grooming
- Nutritious & Hygienic Mid-Day Meals
- Stage Exposure, Regular Picnics & Celebrations
- Bright & Colurful School Dress
- Transport Facility with Attendants
- Periodic Health Check Up
- Regular Parents Teachers Interaction
- Caring & Well-Trained Teachers
- Supported by Foreign Qualified Educationists

"First Time Montessori School in Kirtipur"

SHEMROCK SIMRIK
Int'l Pre-School
Bahiri gaun, Kirtipur - 17
Call: 4330646, 9841353526

नेपालको लागी आधिकारीक बिक्रेता
MOBILAND ELECTRONIC PVT.LTD.

WishPOWER
POWERFUL GENSTETS

DEALERS wanted for all over Nepal

India's No. 1 Power Gensets Now in Nepal



contact Resource 9813802830

(2.5 to 125 KVA)

Diesel & Petrol

MOBILAND ELECTRONIC PVT.LTD

Authorized Distributor for Nepal
MOBILAND ELECTRONIC PVT. LTD.
Kirtipur-17, Kathmandu,
Nepal

Contact Numbers
+977 (01) 4332057 (t)

Email: info@mobilandelectronic.com
Web: http://www.mobilandelectronic.com

Address (Branch & Service Center)
Kuleshowr , Kathmandu
Nepal

Toll Free No.: - 16600100022

## शिक्षक सेवा आयोग

**१.व्यवस्थापन:**

- शिक्षकसेवा आयोगको तयारी कक्षाहरुको लागि संस्थाको आफ्नै छुट्टै पठनपाठनमैत्री block को व्यवस्था ।
- आयोगको नयाँक्रमलाई प्रभावकारी ढंगले पठनपाठन गराउन, विद्यार्थीहरुलाई दिइने नोटहरुमा प्रमाण्किता र स्तरीयता ल्याउन, दैनिक तथा साप्ताहिक रुपमा सञ्चालन गरिने परीक्षाहरु प्रभावकारी बनाउन शिक्षक सेवा आयोगको लागि संस्थाको छुट्टै Research Team को व्यवस्था ।

**२.प्रशिक्षक:**

- शिक्षा मन्त्रालय, शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्र, विभिन्न तालिम केन्द्र तथा विश्वविद्यालयहरुमा कार्यरत अनुभवी प्रशिक्षक, सल्लाहकार, विषयविज्ञ तथा पुस्तक लेखकहरुद्वारा कक्षा सञ्चालन गराइने ।

**३.परीक्षा:**

- हरेक परीक्षाहरु शिक्षक सेवा स्तरको model मा नै लिइने । **शैक्षिक सामान्य ज्ञानको परीक्षा दैनिक हुने** । इन्स्टिच्युटद्वारा लिइएको परीक्षामा लेखिएका कापीहरु उचित सुझाव सहित पुन: फिर्ता गर्ने व्यवस्था ।

VALLEY
Institute Kirtipur
NEAR KIRTIPUR NEW GATE Ph: 01-4332509

# कीर्तिपुरका सामुदायिक विद्यालयहरुको अवस्था बारे प्रधानाध्यापकसँग भलाकुसारी

*प्र. नं. १. मङ्गल उच्च मा.विद्यालयको संक्षिप्त परिचय : स्थापनाकालदेखि हालसम्मको संक्षिप्त परिचय, कहिलेदेखि तपाईंले प्राचार्यको जिम्मा सम्हालि रहनुभएको छ ?*

मंगल उ. मा. वि.को इतिहासको बारेमा कुरा गर्नु पर्दा यो विदयालयलय कीनपा. वडा नं. ५ मा तात्कालिन पालिफ : गाउँ पञ्चायत कुटुभ्रो टोलस्थित गणेश मन्दिरको पाटीमा २०१९ साल जेठ १ गते स्थानीय अगुवाहरुको सकृयतामा स्थापना भएको थियो । सो पाटीमा स्थापना गरेको कारण नै यस विद्यालयको नाम मंगल प्राथमिक विद्यालय राखिको कुरा तात्कालिन प्र. अ. राम भक्त महर्जन तथा प्रधानपञ्च टिकाराम महर्जनको भनाई रहेको छ। उक्त पाटीमा स्थान अभाव भएपछि स्थानीय अगुवाहरु भक्त बहादुर श्रेष्ठ र कान्छाभाइ श्रेष्ठले आफ्नै घरमा कक्षा १ देखि ३ सम्म सञ्चालन गरेको भन्ने स्थानीयहरुको भनाई छ । यो विद्यालय २०२१ सालतिर चिलञ्चो विहारस्थित पाटी र बही बहा: स्थित पाटीमा सारेको भन्ने भनाई रहेको छ । २०३५ सालमा चिलञ्चो विहारको पाटीमा सञ्चालन भएको अवस्थामै ४ र ५ कक्षाको स्विकृति लिई कक्षा सञ्चालन भएको थियो । उक्त स्थानमा कक्षा कोठाको स्थान अभाव भएपछि भवन निर्माणको लागि जग्गाको खोजी हुँदा तात्कालिन चिठूविहार गाउँपञ्चायतका प्रधानपञ्च द्वारिका महर्जनको सकृयतामा सोही पञ्चायतको करीव १६ रोपनी पर्ती जग्गा उपलव्ध गराएको थियो । सोही  जग्गामा अर्का प्रधानपञ्च विद्यानन्द जोशीको सकृयतामा स्थानीय विकास मन्त्रालयबाट प्राप्त रु. एक लाखबाट ५ कोठे भवन २०३९ र ०४० साल तिर निर्माण गरेको थियो । वि. सं. २०४२ सालतिर यस विद्यालयलाई चिलञ्चो विहारको पाटीबाट हाल रहेको स्थानमा सारिएको थियो। यस स्थानमा स्थानान्तरण पश्चात २०४३ र ०४४ सालतिर निजी श्रोतमा सञ्चालन गर्ने गरी कक्षा ६को अनुमति लिइएको थियो भने त्यसपछि क्रमश: कक्षा ७, ८, ९ र १० को अनुमति लिई सञ्चालन गरेको थियो । २०४८ सालमा पहिलो पटक एस. एल. सी. परीक्षामा सहभागी गर एका यस विद्यालयले हालसम्म आउँदा प्रत्येक वर्ष विशिष्ट श्रेणी सहित ९० प्रतिशत भन्दा माथी नतिजा ल्याउन सफल हुँदै आएको छ । त्यस्तै यस विद्यालयलाई स्तरोन्नती गर्ने क्रममा २०५९ सालमा उच्च माध्यमिक शिक्षा परिषदको अनुमति लिई कक्षा ११ सञ्चालन गरिएको थियो । त्यस्तै २०६४ र २०६५ मा क्रमश : त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी ३ वर्षे वि. एड. ( हाल ४ वर्षे वि. एड. )  ३ वर्षे वि. वि. एस. ( हाल ४ वर्षे वि. वि. एस. ) स्थापना गरी सञ्चालन गरेको थियो। त्यस्तै यस विद्यालयले माथिल्लो तहमा कक्षा थप्ने कार्य मात्र नगरी तल्ला तहका कक्षाहरु जस्तै प्ले ग्रुप नर्सरी, एल. के. जी. तथा यू. के. जी. का कक्षाहरु पनि २०६१ साल तिर स्थापना गरी सञ्चालन गरेको थियो।

मैले यस विद्यालयमा प्रधानाध्यापकको जिम्मेवारी २०५७ साल व्यवस्थापन समितिले दिएको थियो । मैले त्यस बेलादेखि हाल सम्म निभाउँदै आएको छु। त्यो भन्दा अघि सहायक प्रधानाध्यापकको रुपमा कार्य गर्दै आएको थिएँ। जुनबेला मैले विद्यालयको प्र. अ. पद सम्हालें त्यो वेला विद्लयको स्थिति अत्यन्त नाजुक थियो । त्यस पछिका दिनहरुमा यस विद्यालयले शैक्षिक एवं भौतिक विकासको क्षेत्रमा धेरै फड्को मारिसकेको छ जुन तपाईंले देखि राख्नु भएको छ।

*प्र. नं. २ स्कुलको भौतिक अवस्था कस्तो छ ? सन्तोषजनक कि अपुग ?*

विद्यालयको भौतिक अवस्था बाहिरवाट हेर्दा धेरै छ जस्तो देखिन्छ जुन अहिले पनि कक्षा कोठाहरुको अभावनै रहेको छ। प्ले ग्रुप देखि स्नातक BBS तथा B. Ed. तह सम्मका कक्षाहरु सञ्चालन हुँदै आएको अर्थात धेरै कार्यक्रमहरु भएकै कारणले गर्दा  यस विद्यालयमा अझै पनि भौतिक पूर्वाधारको  अभाव नै देखिन्छ

भौतिक अवस्थाको कुरा गर्दा जुन बेला मैले प्रधानाध्यापकको पद सम्हालें त्यसवेला प्लान इन्टर नेशनल नेपाल र स्थानीय विकास मन्त्रालयको सहयोगमा निर्मित १७ वटा कोठा भएको २ वटा भवन मात्र थियो। अहिले यस विद्यालयमा १ कम्प्यूटर कक्ष, २ वटा विज्ञान कक्ष, १ वटा श्रव्य दृश्य कक्ष, बैठक कक्ष, क्यान्टिन, पुस्तकालय, अलग्गै बाल विकास केन्द्रका कोठाहरु समेत गरी जम्मा ९ वटा भवनमा ५० कोठाहरु रहेका छन्।  यस विद्यालयमा कक्षा कोठाहरुको अलावा एक बहु बैकल्पिक हल र बास्केटवल तथा भलिबल खेल मैदान पनि रहेको छ।

*प्र. नं. ३  विद्यालयमा शिक्षक दरबन्दी पुरा छ कि छैन ? सरकारी दरबन्दिमा कति जना र नीजि स्रोतबाट तलब खुवाउनु पर्ने कतिजना शिक्षकहरु छन् ?*

यस विद्यालयलाई स्तरोन्नती गर्दै वा तह थप्दै जाने क्रममा निजी श्रोत बाट सञ्चालन गर्न प्रस्तावित विद्यालयको रुपमा अनुमति लिएको थियो। पछि २०५२ सालमा मा. वि. तहको ४ वटा दरवन्दी सहित सरुकारी स्विकृत विद्यालयको रुपमा मान्यता प्रदान गऱ्यो। हाल यस विद्यालयमा मा. वि. तह ४, मा. वि. राहत २, नि.मा. वि. ३ प्रा. वि. तह, तथा बाल विकास केन्द्र २ गरी जम्मा २० जना दरबनदीमा कार्यरत छन् भने १५ जना शिक्षक र ६ जना कार्यालय सहायक समेत गरी कूल २१ जना निजी श्रोतबाट तलव व्यहोर्नु पर्ने शिक्षक तथा कमृचारीहरु छन्।

*प्र. नं. ४ तपाईंको विद्यालयमा विद्यार्थी संख्या कति छन् ? कक्षागत रुपमा दिनुहोला।*

आजभोली साधारण जनमानस देखि उच्च सरकारी निकायका कर्मचारीहरु एवं शिक्षाविद्हरु पनि शिक्षामा धेरै लगानी गरेको फलाक्दै सामुदायिक विद्यालयमा विद्यार्थी संख्या कम भएको फलाक्दै आइरहेका छन् । तर यस मंगल उच्च मा. वि.ले सो कुरा गलत सावित गरिदिएको छ। यस विद्यालयले समाज र अभिभावक एवं विद्यार्थीहरु आवश्यकता र चाहना अनुरुपका कार्यक्रमहरु सञ्चालन गर्दै आएको र शिक्षकहरुको मिहिनेतको कारण हाम्रो मंगल उच्च माध्यमिक विद्यालयमा विद्यार्थी संख्या प्रत्येक वर्ष वृद्धि हुँदै आइरहेको छ। यस शैक्षिक सत्र २०७२ मा विद्यार्थीहरुको संख्या कक्षागत रुपमा निम्न अनुसार रहेको छ।

कक्षा  प्ले ग्रुप-१५, नर्सरी-३० एल के.जी.-४५, यू.के.जी.-४०, कक्षा १-५०, कक्षा २-४२, कक्षा३-६०, कक्षा ४-४६, कक्षा ५-६०, कक्षा ६-६२, कक्षा ७- ४८, कक्षा ८-६४, कक्षा ९-७५, कक्षा १०- ५३, कक्षा ११-९०, कक्षा १२-८० कूल विद्यार्थी संख्या ८६० रहेका छन्।

*प्र. नं. ५. सामुदायिक विद्यालयहरुमा स्थानीय विद्यार्थीहरुको संख्या न्यून भनिन्छ। तपाईंको विद्यालयमा कति संख्यामा छन्।*

हो, निश्चित रुपमा तपाईंले भन्नु भए जस्तै अहिले सामूदायिक विद्यालयहरुमा स्थानीय विद्यार्थीहरुको संख्या न्यून नै रहेको पाइन्छ। तर हाम्रो मंगल उच्च माध्यमिक विद्यालयमा sk देखि कक्षा १० सम्म ३५५ स्थानीय विद्यार्थीहरु छन् भने क्षा ११ र १२ तर्फ ४०५ विद्यार्थीहरु अध्ययनरत छन्।

*प्र. नं. ६. हालसम्मको उत्कृष्ट एसएलसी नतिजाको विवरण*

२०५७ सालमा म प्रधानाध्यापक भएको सालको एस. एल. सी. को रिजल्ट ९४.११५  भएपछि यस विद्यालयलाई शिक्षा मन्त्रालयले २०५८ सालमा सामुदायिक विद्यालयहरु मध्ये उत्कृष्ट विद्यालय घोषणा गरी राष्ट्रिय ध्वजा  शिल्ड नगद तथा प्रमाण पत्र प्राप्त भएदेखि नै यस विद्यालयले उत्कृष्टता प्रदर्शन गर्दै आइरहेको छ।

२०७१ – विद्यार्थी संख्या-३९,  विशिष्ट-   ३, पास ९०%
२०७०– विद्यार्थी संख्या-४०, विशिष्ट-४, पास ९२.३०%
२०६९ – विद्यार्थी संख्या-४० , विशिष्ट-४, पास ९७.७५%
२०६८– विद्यार्थी संख्या-४२, विशिष्ट-१, पास ९५.२३%
२०६७- विद्यार्थी संख्या- ४८, विशिष्ट-४ पास ९७.९१%
२०६६- विद्यार्थी संख्या-४४,     शतप्रतिशत     १००%
२०६५- विद्यार्थी संख्या- ५५   -     ८७.२७%
२०६४-विद्यार्थी संख्या-६०   विशिष्ट -१, पास ८८.२३%
२०६३- विद्यार्थी संख्या-  ५५  –     १०० %   २०६२- विद्यार्थी संख्या-३४   -     ९७.०५%

पुरक परीक्षाको पनि पास प्रतिशत लिने हो भने हरेक साल शत प्रतिशत पास भएको मान्नुपर्छ।

*प्र. नं.७. तपाईंको विद्यालयमा स्थानीय विद्यार्थी संख्या कम छ भने कारण के होला ?*

यस मंगल उ. मा. वि.मा हाल ३५५ स्थानीय विद्यार्थीहरु अध्ययनरत छन्। जुन अहिलेको परिप्रेक्षमा ठिकै मान्नु पर्छ।

सामुदायिक विद्यालयहरुमा स्थानीय विद्यार्थी कम हुँदै जानुको कारण शिक्षकहरुले राम्रोसंग अध्यापन नगर्नु, शिक्षकहरु नियमित नहुनु, शिक्षहकहरुले शैक्षिक तथा नैतिक जिम्मेवारी एवं उत्तरदायित्व बहन नगर्नु, अभिभावक तथा विद्यार्थीहरुको आवश्यकता र चाहनालाई वास्ता नगर्नु, नविनतम शैक्षिक सामाग्री एवं नयाँ प्रविधिहरुको प्रयोग नहुनु, विद्यालय पूरानै धर्रामा सञ्चालन गर्नु, सामुदायिक विद्यालयमा शिक्षकहरुको जागिरको सुनिश्चित हुनु, प्रशासनले शिक्षकहरुलाई केही गर्न नसक्नु, विद्यालय राजनितीको अखडा हुनु, यस बाहेक अभिभावकहरुको व्यय शक्ति बृद्धि हुनु, विद्यार्थी एवं अभिभावकहरु हाइफाइ र शहरी जीवन तर्फ उन्मुख हुनु, बोर्डिङ स्कुल पढाएकोमा गर्व गर्ने तथा कतिपयलाई बोर्डिङ स्कुल पढाउन बाध्य भएको आदि कारणले गर्दा नै सामुदायिक विद्यालयमा स्थानीय विद्यार्थीहरु घट्दै गएको हुनु पर्दछ।

*प्र. नं. ८. तपाईंले भावी योजना र कार्यक्रम के बनाउनु भएको छ ?*

विद्यालयको मेरुदण्ड भन्नु नै विद्यार्थी भएकोले विद्यार्थीलाई नै हामीले सर्वोपरी ठान्नु पर्छ। त्यसैले कसरी हुन्छ विद्यालयमा विद्यार्थी संख्यानै बढाउनतिर सवैको ध्यान केन्द्रित हुनु पर्छ जस्तो लाग्छ



मलाई। त्यसैले आउने शैक्षिक सत्र २०७३ मा विद्यार्थी संख्या ८०० र कक्षा ११ र १२ को संख्या २०० पुऱ्याउने लक्ष लिएका छौं। त्यस्तै टि एस. एल. सी. कक्षा सञ्चालन, स्मार्ट कक्षा कोठाको व्यवस्था गर्ने, शिक्षकहरुलाई पुनर्ताजगीको कार्यक्रमहरु सञ्चालन गर्ने, पूर्णरुपमा बालमैत्री वातावरण कायम राख्ने, १२ औ दक्षिण एशियाली खेलमा तेश्रो स्थान हासिल गरेकोलाई स्थापित गर्दै अरु खेलाडीको संख्या बढाउँदै जाने, अतिरिक्त कृयाकलापमा जोड दिंदै बालबालिकाहरुको चौतर्फी विकास गर्दै जाने सुविधा युक्त शिक्षक कक्ष निर्माण गर्ने आदि योजनाहरु बनाएको छु।

क्याम्पस तर्फ विभिन्न दाताहरु तथा श्रोतहरु खोज्दै अपूर्ण क्याम्पस भवनलाई पूर्ण वनाउने पनि योजनामा राखेको छु।

*प्र.नं. ९. नीजि विद्यालय र सामुदायिक विद्यालयको स्तरमा किन केमा फरक छ ?*

शैक्षिक गतिविधिको कुरा गर्दा विद्यालय तहको शैक्षिक स्तरमा निजी र सामुदायिक विद्यालयको शैक्षिक स्तरमा केही भिन्नता रहेछ, तथापी उच्च शिक्षासम्म पुग्दा तिनीहरुको स्तरमा समानता वा अझ कतिपय स्थानहरुमा सामुदायिक विद्यालयका विद्यार्थीहरु नै अगाडी रहेको पाइन्छ । विद्यालय तहमा यसो हुनुको कारण शिक्षकहरुले पठनपाठनमा नैतिक जिम्मेवारी कम मात्र लिने गरेको, शिक्षकहरु नियमित नहुनु, शिक्षकहरुको जागिर सुनिश्चित हुनु, निम्नस्तरका वालवालिकाहरुको संख्या बढी हुनु, अभिभावकहरुले आफ्ना नानीहरुको पढाईमा चासो नदिनु, प्रशासनले शिक्षक तथा कर्मचारीहरुलाई हायर एण्ड फायर गर्न नसक्नु, प्रशासनले उचित समयमा उचित निर्देशन दिन नसक्नु आदि कारणहरुले गर्दा विद्यालय तहमा शैक्षिक स्तरमा फरक पर्दै आएको छ।

## कीर्तिपुर सहकारीको रक्तदान



कीर्तिपुर सेरोफेरोको वित्तीय क्षेत्रमा आफ्नो विशिष्ट र अलग्गै पहिचान कायम गर्न सफल कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्थाले आफ्नो स्थापना कालदेखि सामाजिक उत्तरदायीत्व अन्तर्गत विविध सामाजिक कार्यहरू गर्दै आइरहेको छ । जनचेतना, महिला शसक्तिकरण, रोजगारीमूलक तालिम जस्ता विविध कार्यक्रममा प्रत्यक्ष एवं अप्रत्यक्ष त्यस संस्थाले सहयोग एवं समन्वयसमेत गर्दै आइरहेको छ ।

विविध प्रकारका सामाजिक कार्यक्रम आयोजना गर्ने क्रममा  संस्थाको १६ औं स्थापना वर्षको उपलक्ष्यमा गत चैत्र १३ गते शनिवार कीर्तिपुर बाहिरीगांव स्थित आफ्नै भवन KMC Complex परिसरमा रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो । उक्त रक्तदान कार्यक्रममा धेरै महिलाहरुको उपस्थिति रहेको भएता पनि जम्मा १५ जना महिलाहरुले मात्र रक्तदान गर्न सक्षम भए। अरुले शारीरिक कारणले चाहेर पनि रक्तदान गर्न पाएको थिएन । पुरूष ४६ जनाले रक्तदान गरिएको थियो। यसरी जम्मा ६१ जनाले रक्तदान गरेका थिए। उक्त कार्यक्रममा सहभागी जनाइ आफ्नो अमूल्य रक्तदान गर्ने तथा कार्यक्रमलाई सफल बनाउन सहयोग गर्ने सम्पूर्ण संस्था एवं व्यक्तिहरूमा सहकारीको तर्फबाट अध्यक्ष दिलबहादुर महर्जनले सबैमा  धन्यवाद ज्ञापन गरिएको छ ।

कीर्तिपुरको चित्रण

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ५ अंक ३४ (संयुक्तांक २३९) ने. सं. ११३६ चिल्लागा सप्तमी बुधवा: २०७२ चैत्र १७ गते बुधवार (Mar 30, 2016) मूल्य रु.५/- पृष्ठ १२

# मलाई इन्काउन्टरमा मार्न खोजेको थियो: *जनजाति नेता शेर्पा*

## अन्तत: आङकाजी शेर्पाले ‘साइवर अपराध’ मुद्दा जिते



**कीर्तिपर सन्देश साप्ताहिक/**

आदिवासी जनजातिको पहिचान र संघीयताको मुद्दालाई उठाउँदै आइरहेका र जनजातिका अगुवा आङकाजि शेर्पाले अन्तत: ‘साइवर अपराधको मुद्दा’ जितेको छ ।

जिल्ला अदालत काठमाडौंले साइबर क्राइमको मुद्दामा संघीय समाजवादी फोरम नेपालका नेता आङकाजी शेर्पालाई सफाई दिएको छ । न्यायाधीश हरिप्रताप केसीको इजलासले शेर्पाविरुद्ध सरकारले लगाएको दाबी अभियोग नपुग्ने ठहर गरेको हो । गत भदौ ७ मा भएको टीकापुर घटनालाई लिएर समाजिक सञ्जालमा भ्रमपूर्ण र सामाजिक सद्भाव खलबल्याउने पोष्ट गरेको भन्दै प्रहरीले शेर्पालाई पक्राउ गरेको थियो । १६ भदौमा पक्राउ परेका शेर्पा १६ दिनपछि धरौटीमा छुटेका थिए ।

विद्युतीय कारोवर ऐन अन्तर्गत सरकारले लगाएको अभियोग दावी नपुगेको भन्दै शेर्पाको पक्षमा फैसला गरेको हो । शेर्पामाथि ‘साइवर अपराध’ गरेको अभियोगमा केही समयअघि प्रहरीले गिराफतार गरी मुद्दा चलाइएको थियो । ‘विद्युतीय कारोवार ऐन अन्तर्गत सरकारले लगाएको अभियोग दावी नपुगेको ठहर सहित सम्मानित काठमाडौ जिल्ला अदालतले २०७२ चैत्र ७ गते न्यायिक सफाई प्रदान गरेको छ ।’ संघीय समाजवादी फोरम नेपालका केन्द्रीय सदस्य समेत रहेका शेर्पालाई बौद्ध शेर्पा सेवा केन्द्रमा शेर्पा समुदायवीच विभिन्न विषयमा छलफल भइरहेको वेला प्रहरीले अपरहणको शैलीमा गिराफ्तार गरी थुनामा राखेका थिए । उनको तत्काल रिहाईको माग गर्दै शेर्पा लगायत आदिवासी समुदायले प्रहरी कार्यालय, अदालत घेराउ, सडक वन्द, जुलस समेत गरेका थिए । चर्को दवावपछि शेर्पा तारेखमा रिहा भएका थिए ।

यसै वीच सफाइ पाएकोमा अदालतप्रति धन्यवाद ज्ञापन गर्दै संघीय समाजवादी फोरमका केन्द्रीय सदस्यसमेत रहेका आङकाजी स्वयमले तत्कालिन गृहमन्त्रीले आफूलाई ‘घैंटे र चरी’लाई जस्तै इन्काउन्टर गर्न खोजे पनि नसकेको दावी गरे । मलाई इन्काउन्टर को नाममा आठजना हतियारधारी विनाबर्दीका प्रहरी परिचालन गरेका रहेछन् । मसँग शेर्पा समुदायका युवाहरु नहुँदो हो त मारि सक्थेँ’, शेर्पाले भने, ‘उत्पीडित समुदायको पक्षमा उठ्ने आवाज कुनै पनि माइकलालले रोक्न सक्दैन ।’

विद्युतीय कारोवार ऐनअन्तर्गत कसुर गरेको अरोपसहित चलाइएको मुद्दामा आदिवासी अधिकार अभियन्ता आङकाजी शेर्पा किसानले सफाइ पाएपछि खुसियालीमा गरिएको दीप प्रज्वलन कार्यक्रममा उनले यस्तो बताएका हुन् । आङकाजी रिहाइ अभियानले राजधानीको बौद्धमा १०५१ दीप प्रज्वल गरेको हो ।

‘मलाई इन्काउन्टरको नाममा आठजना हतियार धारी विनाबर्दीका प्रहरी परिचालन गरेका रहेछन् । मसँग शेर्पा समुदायका युवाहरु नहुँदो हो त मारिसक्थेँ’, शेर्पाले भने, ‘उत्पीडित समुदायको पक्षमा उठ्ने आवाज कुनै पनि माइकलालले रोक्न सक्दैन ।’ अभियन्ता सन्तोषी राईको अगुवाइमा भएको दीप प्रज्वल कार्यक्रममा आङकाजीका साथमा उनका धर्मपत्नी जितमाया शेर्पासमेत सहभागी थिइन् ।

**Admission Open in Day Care, Play Group and nursery for 2072/073**

**Turners Pathshala**

**A Motessori Based Pre-School**

**Features**

- Well equiped audio visual lab
- Montessori lab
- ECD experters and psychologists
- Parents counseling
- Experienced facilitators
- Homely environment
- Limited Class size
- Life skills based learning
- Ample space for outdoor activities
- Periodic health check ups
- Foods with calorie analysis
- Managed by a group of academicians

**For Contact: 014331574, 9849888060**

Admission Forms are available in the school Desk. Bahirigaun, Kirtipur-17

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक
नजरराम महर्जन
(९८४१४०१०७७)
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह
व्यवस्थापन
भरत महर्जन
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com
काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

# थरुहट आन्दोलनको उपलब्धि



**मनोज थारु**

तराईको समथर भूभागमा हजारौं वर्षदेखि बस्दै आएका आदिवासी अर्थात् मूलबासी थारू सामुदाय हुन्। आफ्नो छुट्टै भाषा, साँस्कृति, रहनसहन रीतिरि वाजसँगै मलेरियासँग जुध्ने क्षमता रहेको तराईका उत्तराधिकारी थारू हुन् भनी प्रसिद्ध साहित्यकार ब्रायन हुडसनले लेखेका छन् । जुन कुरालाई नकार्न सकिँदैन ।

पछिल्लो समय सीमांनकनलाई लिएर आन्दोलनर त थारू सामुदायले, थारू बहूल्य क्षेत्रलाई टुक्राउन नहुने भन्दै आन्दोलितरत छन्। जुन माग एकदमै जायज छ। कसैले आफ्नो भूगोललाई खण्डित भएको देख्न चाहँदैन। भौगोलिक इतिहासको आधारमा आफ्नो पहिचान र अधिकार सुनिश्चित हुनुपर्ने उनीहरूको माग हो । देशको चौथो ठूलो घनत्व ओगोटेको यो सामुदायले कूल जनसंख्याको ६.५३ प्रतिशत हिस्सा अगटेको छ । पश्चिमी तराईका जिल्लाहरूमा आत्यधिक मात्रमा थारूहरू बसोबस गर्छन् । यिनै थारू बहूल्य क्षेत्रलाई मिलाएर थरूहट घोषण हुनुपर्ने थारूवानबासीको माग हो ।

थरुहट थारूवानको लागि उठेको आवाज विदेशी डलरको उपज नभई तराईबासीको उन्नति, प्रगति र समुन्नत भविष्यको लागि हो । तर थरूहट आन्दोलनलाई फ्याँकेर पुरानै एकात्मकवादी, सर्वसत्तावादी, तानाशही शासन चलाउने दुश्प्रयासले थरूहट राज्यको गलत ब्याख्या गरिएको छ । जातीय राज्य भनेको त त्यो हो जहाँ एउटामात्र जातिको बसोबस भएको बुझाउँछ । जहाँ अरू जातिलाई प्रवेश निषेध गरिएको हुन्छ । तर थरूहट भौगोलिक इतिहास भएकाले यहाँ विभिन्न जातजाति, भाषाभाषी बसोबस गर्छन् । यिनै पिछाडिएको, आल्पमतमा पारिएका जातिलाई विशेष संरक्षण र अधिकार प्राप्त हुन्छ।

थारूहरूको मुख्य माग थरूहट भूमि नटुक्राउनु हो । तर सीमांनकानको रेखा कोरिँदा चार दलले सामर्थ्यका चार र पहिचानको पाँच आधारलाई लत्यएर जथाभाबी थारूहट भूगोललाई टुक्राटुक्रा पारी पहाडमा मिसाउने सरकार पक्षबाट भयो। जुन थारू सामुदायको लागि अमान्य छ । थारूहरूको मुटु कैलाली र कञ्चनपुरलाई अलग्याएर पहाडमा गाभियो ।

थारूहरूको भाषा, संस्कृति, रहनसहनलाई प्रस्तावित प्रदेश पाँचमा बेवास्ता गरियो र ओझेलमा पार्ने षड्यन्त्र रचियो । फलस्वरूप कैलाली र कञ्चनपुर लाई पहाडमा गभियो। थारूहरूको पहिचान र अधिकारलाई सम्बोधन नगरी जबरजस्ती निर्माण गरिएको संविधान कसरी स्वीकार्य हुन्छ ।

आन्दोलनरत थारू सामुदायको आन्दोलन सातौं महिनामा चलिरहेको अवस्था छ । बन्द हड्तालको स्वरूप परिवर्तन भए पनि आन्दोलन अझै रोकिएको छैन। तर यति लामो आन्दोलन भइसक्दा पनि उपलब्धि भने शून्य छ। थारूहरूले पाए त केवल कर्फ्यू, निषेधित क्षेत्र, बुट, गोली आदि । टीकापुरको घटनापछि त झनै थारूहरूलाई मान्छे नगन्ने शोषकहरूले बिखण्डनकारी, आतंकारीको संज्ञा दिए । थारूहरूमाथि गरिएको यास्तो दमन अत्याचार देख्दा प्रश्न उठेर आँउछ । के हामी नेपाली होइनौं र ?

सरकार पनि समस्या सुल्झाउनभन्दा बल्झाउनतिर लागेको छ । थारूहरूले उठाएको जायज मागलाई सम्बोधन गर्नुको साट्टो प्रहरी प्रशासन लगाएर बन्दुकको भरमा थारू युवाहरूलाई पक्राउ गरेर चरम यातना दिने र झुटा मुद्दा लगाएर जेलभित्र हाल्ने सरकार पक्षबाट भएको छ । सेना प्रहरीको नाममा आतंक सिर्जना गरी थारू सामुदायलाई दुःख दिने कार्य सरकार पक्षबाट भएको छ । जुन कार्य आफैँमा निन्दनीय र भत्सर्ना लायक छ । सरकारले गर्ने तराईबासी माथिको पशुसरह क्रियाकलाप देखेर पीडाको अनुभूति हुन्छ ।

हाम्रो लडाइँ कुनै जात विशेषसँग होइन । राज्यको विभेदकारी नीतिसँग हो । समानताको लागि हो । स्वतन्त्रताको लागि हो । सामन्ती शासकहरूविरूद्ध हो । पहिचान-विरोधीसँग हो। तर सामन्ती सत्ताधरीहरूले थरूहट आन्दोलनलाई लत्याएर उनीहरूको मर्म र भावनालाई कुल्चेर अगाडि बढेको छ । थारूहरूको अधिकार र पहिचानलाई केही मान्छेहरूले तानाशाही रूपबाट कब्जा गरेर आत्याचार गरेको छ । थरूहट आन्दोलनप्रति ठूलो धोखा र राजनीतिक गद्धारी गर्दै शोषकहरू अगाडि बढेको अवस्था छ ।

तराईबासीको भावना विपारित निर्माण गरिएको संविधानले सार्थकता प्राप्त गर्न साक्दैन जुन कुरालाई शोषकहरूले बुझेर बुझ पचाएका छन् । थारू मधेसीलाई पेलेर निर्माण गरिएको प्रदेशले निकट भविष्यमा ठूलो क्षति निमत्याउँछ जुन यथार्तता पनि हो । जुन कुरालाई हामीले देखिसकेका छौं र भोगिसकेका छौं । अगामि दिनमा तराईबासीलाई बाइपास गरेर गइयो भने देशले ठूलो असहज परिस्थितिको सामना गर्नुपर्ने हुन्छ । जुन देशलाई नै घातक हुनेछ ।

स्मरण रहोस्, एउटा झिल्कोले डढेलो लगाउन साक्छ। झिल्को सानो होस् या ठूलो क्षति उत्तिकै पुर्याउँछ । थारूलाई जति सोझा भनेर हेपियो परिणाम त्यति भयनक हुन्छ । जुन टीकापुरको घटनाबाट देखिसक्यौं । हुन त, भ्यागुतोलाई पनि धेरै हेपेर चलायौं भने आँखामा मुति दिन्छ भने थारू त मानव हुन् । हेपाईको सीमा नाघ्यो र दमन अत्याचारले विस्फोट हुन्छ । चेतना भया । *ईसमता*

## सम्पादकीय

# कांग्रेसको संसदीय दल नेता

**केहि समय अघिमात्रै महाधिवेशन भएको प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसमा अन्ततः फेरी पार्टीका सभापति शेर बहादुर देउवा र बरिष्ठ नेता रामचन्द्र पौडेलवीच संसदीय दलका नेताका लागि चुनाव हुने भएको छ ।**

**दोस्रो संविधानसभाको निर्वाचनवाट संविधानसभा अर्थात व्यवस्थापिका संसदमा सबैभन्दा ठूलो पार्टी बनेको नेपाली कांग्रेसको हालै मात्र सम्पन्न भएको महाधिवेशन अघि एकले अर्कोलाई संसदीय दलको नेता बन्न र आफूलाई पार्टीको सभापतिमा समर्थन गर्न अनुरोध गरेका ती दुबै नेताहरु पार्टी सभापति पदका लागि चुनाव भए जस्तै अव दुबैले नछाडेपछि संसदीय दलको नेताका लागि चुनाव नै हुने अवस्थामा पुगेको छ । चैत्र २४ गते चुनाव गर्ने तयारी संगसंगै सहमतिको लागि पनि प्रयास नभएका भने हैन । तैपनि सहमति हुन नसक्नुको प्रमुख कारण नेपाली कांग्रेसको विधानमा संसदीय दलको नेता जो बन्ने छ त्यहि प्रधानमन्त्रीको दावेदार हुनेछ ।**

**अतः कांग्रेसमा हुन गइरहेको संसदीय दलको चुनाव भनेको मात्र दलिय नेताका लागि नभई प्रधानमन्त्री बन्ने सोचका साथ हुन गइरहेको र एकले अर्कोलाई स्वीकार गर्न नसकिएको अवस्था हो भन्न सकिन्छ ।**

**विनोद श्रेष्ठ**

तपाई शहिदहरु भएर नै हामी नेताहरुले आफ्नो लागि भाषण र बजेट खर्च गर्न सकिरहेका छौं नत्र....कसरी हामीले...



यी नेताहरुले पोहर साल शहिद पोखरी निर्माण गर्ने भनी भाषण गरेर नगरपालिकावाट बजेट निकालियो । यो साल शहिद पार्क बनाउने भनी भाषण गऱ्यो । अव शहिद पार्क पनि बनाउन सकिएन भने बस पार्क बनाउने भनेर भाषण गर्न के बेर ? यसरी हामीहरुलाई तपाई नेताहरुले आफ्नो कमाई गरि खाने भाडो नबाउ । सक्छ भने आफूहरुले बोलेको कुराहरु पुरा मात्र गरेर देखाए पुग्छ ।

पाठक प्रतिक्रिया

# गरेर नहुने के छ ? अन्तर्वार्ताबाट केही सिक्ने हो कि ?

कीर्तिपुरको कान्तिपुर नामले लोकप्रिय साप्ताहिक कीर्तिपुर सन्देश पत्रिकाको २०७२ चैत्र १० गते बुधबार प्रकाशित अंकमा भलाकुसारी भनेर दुईवटा भलाकुसारी सुरु गरेको रहेछ, नयाँ स्तम्भ सुरु भएको जस्तो लाग्यो । जसमध्ये महानगरीय प्रहरी बृत्त कीर्तिपुरका प्रमुख प्रहरी नायव उपरिक्षक डा. मेखवहादुर खत्रीसँगको भलाकुसारी अमूल्य भलाकुसारी भएको ठानेको छु ।

पत्रिका या पुस्तक पढ्ने भनेको केही कुरा सिक्न र बुझ्नको लागि हो । उक्त भलाकुसारीमा डिएसपीले आफ्नो बारेमा छोटकरीमा भन्नुपर्दा **"प्रहरी जवानदेखि डि.एस.पि.सम्म र आई. ए. देखि पि.एच.डि सम्म"** भनेको साह्रै घट लाग्यो । उहाँले अलिकति पनि अल्छि नमानिकन काम र पढाईलाई सँगसंगै लैजानु भयो । प्रहरी जवानमा भर्ना भैकन पनि उहाँले पढाईलाई निरन्तरता दिनुभयो । त्यसैको फलस्वरुप अहिले पढाईमा पि.एच.डि नोकरीमा डि.एस.पि.हुनु भएको छ । पछि उहाँ एस एस. पि वा डि.आइ.जि. पनि बन्न सक्नुहुनेछ । उहाँले सानो पददेखि नोकरी सुरु गर्नुभयो । उहाँ कसैको सिफारिस वा भनसुनले माथि पुगेको होइन । उहाँले भन्नुभएको छ २०५५ सालमा प्रहरी सहायक निरिक्षक र २०५६ सालमा खुल्ला प्रतिस्पर्धाबाट प्रहरी निरिक्षकमा नियुक्ति हुनुभएको हो । यसरी खुल्ला प्रतिस्पर्धाबाट आउँदा एकवर्षमा प्र.स.नि.बाट प्रहरी निरिक्षकसम्म हुनुभयो । यदि उहाँले प्रहरी सहायक निरिक्षक जागिर पाइहाल्यो । विस्तारै प्रमोशन भैहाल्छ भनेर खुल्ला प्रतिस्पर्धा नगर्नु भएको भए आज यति चाँडै डि.एस.पि पदमा बढुवा हुने थिएन ।

हाम्रा आदिवासी जनजाति केटाहरु पढाई सकेको छैन भनेर सानोतिनो पदमा नोकरी गर्दैनन् । पछि एकैचोटि शाखा अधिकृत ताक्छन् परीक्षामा पास नै गर्न सक्दैनन् । अनुभव नभएका, भर्खर क्याम्पसबाट निस्केका र कामको अनुभव भएकालाई कसरी जित्न सक्छ । अनि ५ हजार १० हजार रुपैयाँमा सहकारी वा बोडिंग स्कुलमा पढाउन जान्छन् । नभए पैसा हुनेका छोराछोरीहरु उच्च शिक्षा हासिल गर्न विदेश जान्छ । उच्च शिक्षा हासिल गरेर आएपछि पनि पद अनुसारको नोकरी पाउँदैन अनि फेरि विदेश पलायन हुन्छ । त्यसैले सानो पददेखि नोकरी सुरु गरौं, आफनै देशमा बसेर सरकारी नोकरीमा लागौं भन्ने अनुरोध छ ।

**– एस के महर्जन, कीर्तिपुर**



काठमाण्डौं उपत्यका बाहिरवाट प्रकाशित हुने एउटै मात्र नेपालभाषाको साप्ताहिक पत्रिका हेटौंडा वाःपौको गत शनिवार १७ औं बार्षिक उत्सव हेटौंडा बजारमा सम्पन्न भयो । नेवाः पत्रकार राष्ट्रिय दबूका केन्द्रीय अध्यक्ष एवं कीर्तिपुर सन्देश साप्ताहिक पत्रिकाका सम्पादक श्रीकृष्ण महर्जनको प्रमुख आतिथ्यमा सो समारोह भएको थियो ।

# बचत आजको आवश्यकता

# विश्वसनियताको एउटै थलो

## निर्मल बुद्धभूमि बचत तथा ऋण सहकारी संस्था लिमिटेड

तःगवपि कीर्तिपुर, फोनः ४३३२८८१

---

## कुनै पनि ब्राण्डको इलेक्ट्रोनिक्स सामान तथा मोबाइल खरिद विक्रिको लागि







## मोबाईल निकुञ्ज ट्रेडर्स

कीर्तिपुर-१७, नगाउँ दोवाटो

सम्पर्क नं. ०१४३३३२५७

---

**'विश्वासको एउटै थलो'**

निर्मल बुद्धभुमि बचत तथा ऋण सहकारी संस्था लि.

नयाँ बजार-१७, कीर्तिपुर

## हार्दिक निमन्त्रणा

यस संस्थाको **पाचौं बार्षिक साधारण सभा** निम्न लिखित मिति, समय र स्थानमा हुने भएकोले तपाईको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

*नोटः सबै शेयरधनी महानुभावहरुलाई निमन्त्रणा पत्र पठाईसकेका छौं । यदि निमन्त्रणा पत्र नपुगेमा यसैलाई आधार मानी आउनुहुन अनुरोध गर्दछौं ।*

**कार्यक्रमः**

मितिः २०७२ चैत्र २६ गते शुक्रवार

समयः साँझ ५:३० बजे

स्थानः कृष्ण क्याटरिङ, भाजंगल रोड, कीर्तिपुर

सम्पर्कः ४३३३२८८१, ९८०२०१४७८०, ९८०२०१४७९२, ९८४१७९२१८८

**आयोजक**

**निर्मल बुद्धभ**

# गर्मी महिनामा पसिनाको दुर्गन्धबाट बच्ने उपाय



डा.सोनेलाल शाह

हाम्रो शरीरमा पसिना आउनु एक सहज र स्वभाविक शारीरिक प्रक्रिया हो जसले हाम्रो शरीरको तापक्रमलाई नियन्त्रण गरिरहेको हुन्छ। पसिना आउने प्रक्रियालाई न रोक्न समिन्छ न त यो व्यवहारिक र उपयोगी नै हुन्छ तर पसिनाको दुर्गन्धबाट बच्नको लागि विभिन्न उपायहरु अपनाउन सकिन्छ। पसिना आउनु शरीरका लागि लाभदायक हो तर यसबाट आउने दुर्गन्धले चाहिँ हामीहरुलाई पिरोलिरहेको हुन्छ । यसबाट आफूलाई मात्र नभएर आफूसँग सम्पर्कमा र नजिकै रहने व्यक्तिलाई पनि पिरोलिरहेको हुन्छ। आजभोलि पसिनाको दुर्गन्धलाई उपहास र तिरस्कारको दृष्टिले हेर्न थालिएको पाइन्छ ।

जुन समयमा बाहिरको तापक्रम बढ्दै जान्छ त्यसै समयमा हाम्रो छालामा भएको बाहिरी ग्रन्थीहरु सक्रिय हुन जान्छन् र हामीलाई पसिना आउन थाल्दछ। हाम्रो बाहिर छालामा भएका ग्रन्थीबाट एक किसिमको नुनिलो पदार्थ पसिनाको रुपमा निस्किएर छालाको बाहिरी सतहलाई भिजाएर राखी राख्छ । यही पसिना वाष्पीकरण हुन जाँदा हामीहरुलाई शितलताको महसुस हुन्छ । छालामा आउने यही नुनिलो पानीलाई नै पसिना भनिन्छ ।

दुर्गन्धको कारण:

छालाको ग्रन्थीबाट जुन बखत पसिना निस्किरहेको हुन्छ, त्यसमा रसायन मिसिरहेको हुँदा त्यसमा दुर्गन्ध हुँदैन । तर पसिना जब वाष्पीकरण हुन्छ र त्यसमा छालामा भएका जीवाणु र प्रोस्टिनको संगमले रासायनिक प्रतिक्रिया हुन गई पसिनालाई अम्लिए र अमोनियामा परि वर्तन गरिदिन्छ। यसबाट नै दुर्गन्ध पैदा हुन जान्छ ।

सामान्यतया छालामा जीवाणुहरुको संख्या धेरै कम मात्रामा रहेको हुन्छ तर जुन मानिसले आफ्नो शरीरको सफाई नियमित रुपमा गर्दैन उनीहरुको शरीर मा जीवाणु र धुलोको कणको मात्रा धेरै नै बढी हुन जाने हुँदा यही नै पसिनाको दुर्गन्धको प्रमुख कारण बन्न जान्छ ।

**विभिन्न शारीरिक रोगको कार ण दुर्गन्ध :**

मानिसमा कुनै यस्ता किसिमका र ोगहरु पनि हुन्छन् जसका कारण पसिना धेरै आउने सम्भावना हुन्छ । थायराइड ग्रन्थी, मधुमेह, मलेरिया-ज्वरो, क्षयरोग, मानसिक उत्तेजना, तनाव र पेटमा कब्जियतको समस्या भएका मानिसहरुलाई बढी मात्रामा पसिना आउने हुन्छ । यस बाहेक खानामा तारे, भुटेको र धेरै मसला प्रयोग भएको खानेकुरा खाने व्यक्तिलाई पनि धेरै मात्रामा पसिना आउने हुन्छ । मानिसको शरीरमा सधैं कपडाले छोपीर हेको ठाउँमा मात्र धेरै पसिना आएको महसुस हुन्छ। जस्तैः छाती, पेटको तल्लो भाग, दुई गोडाको बीच, काखीमुनि । यी भागहरुमा रौंको मात्रा पनि धेरै हुनाले पसिना बसिरहने हुन्छ र बाहिरको हावा पनि नपर्ने हुँदा पसिना छिट्टै सुक्न पाईदैन । यसबाहेक यी अंगहरुमा अरु अंगहरुको तुलनामा सफाईमा पनि राम्रोसँग ध्यान दिइएको हुँदैन । त्यसकारण जीवाणुको संख्या बढ्न गई यही नै दुर्गन्धको कारण बन्न जान्छ ।

**गर्मी महिनामा धेरै पसिना आउने कारण :**

गर्मी महिनामा हाम्रो शरीरबाट धेर ै मात्रामा पसिना आउँछ । यो मौसममा हामीहरुले पानी धेरै मात्रामा पिउनुका साथै नुनिलो र अमिलोको मात्रा पनि शर ीरमा बढ्न जान्छ । यस्ता अनावश्यक चीजहरुलाई शरीरबाट बाहिर निकाल्ने एउटा सशक्त माध्यम पसिना पनि हो । धेरै र थोरै पसिना आउनु शरीरको प्रकृतिमा पनि निर्भर गर्दछ ।

गर्मी मौसममा पसिनाको दुर्गन्धबाट बच्नका लागि दैनिक सम्पूर्ण स्नान गर्नु आवश्यक हुन्छ । सकिन्छ भने दिनमा दुई पटक नुहाउँदा अझ राम्रो किनभने छालामा भएको पसिना निस्कने छिद्रहरु बन्द नहुनका लागि। स्नानपछि तौलियाले रगडी-रगडी शरीरलाई पुछ्नु अति आवश्यक हुन्छ किनभने यसबाट छालाका छिद्रहरु खुल्न जान्छन् । नुहाउँदा क्रिम भएको साबुन अथवा दही र मुल्तानी माटोको प्रयोग गर्दा धेरै फाइदा हुन जान्छ । शरीरबाट धेरै नै दुर्गन्ध आउँछ भने नुहाउने पानीमा 'यूडी कोलोन' नामक औषधि मिसाएर नुहाउन सकिन्छ । काखीमुनी गुप्ताङ्ग वरिपरिको सफाइमा विशेष ध्यान दिनु जरुरी हुन्छ ।

**अन्य उपाय- रहन- सहन :–** गर्मी मौसमा हामीले लगाउने कपडामा पनि विशेष ध्यान दिनु जरुरी हुन्छ। यस मौसममा सुती कपडा लगाउनु राम्रो हुन्छ किनभने यसले पसिनालाई सोसेर शरीर लाई चिसो राख्न मद्दत गर्दछ । कपडा शरीरमा धेरै कसिएको नभई खुल्ला हुनु राम्रो हुन्छ। कसिएको कपडामा पसिना अड्किन गई दुर्गन्ध उत्पन्न हुन्छ । सिन्थेटिक कपडाले पसिना सोस्न पनि सक्दैन र यसबाट हावा पनि पास नहुनाले धेरै गर्मी भई धेरै पसिना आउने हुन्छ । धेरै पसिना आउँदा शरीरमा पानीको मात्रा कम हुन जान्छ त्यसकारण सुती कपडा लगाउन राम्रो हुन जान्छ ।

**खान-पान :** यस मौसमा धेरै चिल्लो, पिरो, अमिलो, मसालेदार खानेकुर ाबाट बच्नु जरुरी हुन्छ। खानामा हरियो सागपात, मौसम अनुसारको फलफूल, दही, सलादको मात्रा बढाउनु राम्रो हुन्छ । सर्वत्र र पानी धेरै पिउनु लाभदायक हुन्छ। छालाका सुरक्षाका लागि विभिन्न चीजहरु प्रयोग गर्न सकिन्छ र पसिना हातले नपुछ्री सुती रुमालले पुछ्न, राम्रो हुन्छ। यी विभिन्न कुराहरुमा ध्यान दिएमा पसिनाबाट हुने दुर्गन्धको साथै छाला सम्बन्धि रोगबाट पनि बच्न सकिन्छ ।

# नथाक्ने पाइला



अशोक शोकी

हरेक मानिसको आ-आफ्नो स्वभावबाट जीवनप्रक्रिया चलिरहेको हुन्छ । स्वभाव चित्तबाट निःसृत र परिष्कृत हुन्छ। चित्त ज्ञानबाट परिष्कृत हुन्छ । यो स्वाभाविक प्रक्रिया हो । विचारको माध्यमबाट हरेक मानिसले आफ्नै ढङ्गले जीवनयापन गरि रहेका हुन्छन्, विचार व्यक्तिअनुसार पृथक्-पृथक् हुन्छ ।

समाजमा चोर, फटाहा, सज्जन जोसुकै भए पनि आफ्नो विचारअनुरूप इच्छा प्रकट हुन्छ । त्यहीअनुसार आफ्नो क्रियाकलापको भूमिका निर्वाह गरी योजनाबद्ध तरिकाले अगाडि बढ्छ । समयअनुकूल आफ्नो विचार परिवर्तन गर्न मस्तिष्कले आदेश दिन्छ । सम्पूर्ण प्राणीजगत्मा एउटै विचार र आकाङ्क्षा लागू हुँदैन । सचेत मान्छे आफ्नै पृथक् किसिमको भूमिका निर्वाह गरिरहेका हुन्छन्। जस्तै– राजनीतिज्ञहरू अरूको आलोचना र खण्डन गरी शक्ति सञ्चय गरी पदप्राप्तिका लागि 'जनसेवक' शब्द व्यक्त गरी जनताको आवाज भनी षड्यन्त्र गरी आफ्नो स्वार्थ पूरा गरिराखेका हुन्छन् ।

सज्जन व्यक्ति आफूलाई परोकारमा समर्पित गरिरहेका हुन्छन् । सदाचार मानवीय जीवनपथमा लागू हुन सके ठूलो प्राप्ति हुन्थ्यो । चमेरोले मुखले खाएर मुखैले फोहर फाल्छ । यहाँको राजनैतिक हस्तीहरूले पनि मन्त्र पढेर प्रार्थना गर्ने मुखले दुर्वाच्य बोलिरहेका हुन्छन् र कुत्सित कर्मद्वारा मानवजीवनलाई नै कलङ्कित बनाइरहेका हुन्छन्। कुनीतिको कुचालद्वारा समाज नै दुर्गन्धित बनाइर हेका हुन्छन्। जसरी विशाल आकाशलाई बादलले छोपेको हुन्छ ।

पहिले-

पहिले परिष्कृत विचार र निष्ठावान् अनुशासनमा बसी परिपक्व निर्णय गर्ने गर्थे । जसरी केरा फल एउटा बोटमा जीवनमा एकचोटि मात्र फल्ने हुन्छ, त्यसरी पहिलेका मान्छेहरू एउटा कुरा एक चोटि मात्र बोल्ने गर्थे। प्राण जान्छ, वचन जान्दैन उखान लागू हुन्थ्यो । वरि परि पापको छायासम्म नराखी यात्राको कदम चालेका हुन्थे, जस कारण समाजमा सत्यताले ठाउँ ओगटेको हुन्थ्यो। मानिस समाजमा भय, त्रास, खतराबाट मुक्त भई निश्चिन्त रूपमा हिँडेका थिए, विश्वासले जरा गाडेका थियो ।

हाम्रा बाबु-बाजेको जीवन कृषिमा आधारित थियो । कृषिकर्मले निरोगी भई काम गर्ने क्षमता बढ्छ । अन्न पनि अहिलेको जस्तो कलमा होइन कुटान( पिसान ढिकी(जाँतोमा हुन्थ्यो; जसबाट अन्नको शक्ति नाश हुँदैन । गाईबस्तुको मलबाट अन्नबाली सप्रिन्छ, जसबाट बोटबिरुवा कीराले खाँदैन र स्वस्थ खाना खाएर काम गर्नाले शरीर तन्दुरुस्त भई फुर्तिलो रहन्छ ।

पौराणिक-कालको मठमन्दिर कलात्मक ढङ्गले बनाइएको पाइन्छ । ढुङ्गामा चुकुल राखी सिमेन्ट र माटोबिना बनाइएका मन्दिर(भवन शताब्दीयौं टिक्ने हुन्छ। पाटनको कृष्णमन्दिर, भाजङ्गालको देवल, कीर्तिपुरको ल्व देवल मलाई थाहा छ। अहिलेको डन्डी र सिमेन्टको अगाडि ती मन्दिरहरू बलिया भएको देखिन्छ ।

अहिलेको स्थितिमा वैज्ञानिक उन्नति र भौतिक साधनको विकास द्रुतगतिमा भए तापनि शारीरिक र मानसिक स्थिति निर्वल देखिन्छ । कटु तर्क, असत्य, व्यभिचार र कुभावले मानसिक तनाव बढाउँछ पापले सबै क्षेत्र पकापी-अन्धकार बनाउँछ । जसरी गोबरले मणिलाई छोपेपछि मणिको के अस्तित्व रह्यो त्यस्तै दुर्भावनाले मनलाई छोपेपछि मनको चहकिलो ज्योति बाहिर कसरी प्रकट गर्ने ! राम्रा कुरा समाजमा कसरी छर्ने ? मनको ज्योति बाली नथाक्ने पाइलालाई निरन्तर ता दिई लक्ष्यमा पुग्ने अठोट गर्नुपर्छ ।

# लुमन्तिद्वारा की.मा.वि.मा शुद्ध खाने पानीको व्यवस्था

लामो समयदेखि कीर्तिपुरमा कार्यरत लुमन्ति आवासको लागि संस्थाले कीर्तिपुर को बाहिरीगांव स्थित कीर्तिपुर माध्यमिक विद्यालयमा विद्यार्थीहरुको लागि शुद्ध खानेपानीको व्यवस्था गरिदिएको छ । विद्यालयमा पानीको लागि इनार खनेर इनारबाट पानी तानेर बायो सायन्ड फिल्टरबाट पानी शुद्ध पारी एकचोटिमा ३००० लिटरसम्म फिल्टर गर्न सक्ने ट्यांकी उपलब्ध गराएको छ । त्यस्तै २००० लि. अट्ने आकाशको पानी राख्न ट्यांकीको साथै पानी रिचार्ड गर्न Recharge pit पनि बनाई दिएको छ ।

त्यसको साथै छात्रामैत्री शोचालयको व्यवस्थासहित इन्सिलेटरको पनि व्यवस्था गरिदिएको छ । जसले छात्राहरु निकै लाभान्वित भएका छन् ।









## पल्स फिटनेशले मि. नेपाल अग्रवाललाई सम्मान




Expose Nepal Dot Com को आयोजनामा गत चैत्र १४ गते आइतवार आर्मी अफिसर्स क्लब काठमाडौंमा भएको Mr.Nepal -216 प्रतियोगितामा Pulse Fitness टाउनप्लानिंग, कीर्तिपुरको तर्फबाट उक्त प्रतियोगितामा सहभागी भई गणेश अग्रवालले उपाधि जित्न सफल हुनु भएको हो ।

सोही उपलक्ष्यमा पल्स फिटनेटले चैत्र १५ गते खेलकुद महासंघका केन्द्रिय सदस्य वटुक कृष्ण थापाको प्रमुख आतिथ्यतामा आफ्नो व्यायामस्थल टाउनप्लानिंग, कीर्तिपुरमा एक कार्यक्रम गरी उपाधि विजेता गणेश अग्रवाललाई बधाई तथा शुभकामना दिइएको हो ।

सो उपाधि जिते वापत गणेश अग्रवालले रु.३ लाख नगद प्राप्त गर्नु भएको थियो । सो नगदको पचास प्रतिशत रकम उहाँले महिला सशक्तिकरण अभियानलाई चन्दा दिनु भएको थियो ।

सो उपाधि जित्नु भएकोमा उहाँले दुईवटा नेपाली चलचित्रहरुमा प्रमुख नायक भई फिल्म खेल्न पाउने, मलेशिया भ्रमण जान पाउने र बानेश्वर स्पा मा ५० हजार बराबरको मेम्बर कार्ड पनि निशुल्क पाउनु भएको छ ।

बुबा खड्ग बहादुर अग्रवाल र आमा सरस्वति अग्रवालको कोखबाट २९ वर्ष पहिले डोटीमा जन्मनु भएका गणेश अग्रवाल २०५८ सालदेखि बसाईं सरी पाँगाको सालिकमा बसोबास गरिंदै आउनु भएको थियो ।

२०७० साल भाद्र महिनामा पल्स फिटनेस खुलेदेखि नै त्यसको सदस्य हुनुभै सहभागिता जनाउनु भएका अग्रवालले पल्स फिटनेसको तर्फबाट उक्त प्रतियोगितामा भाग लिनु भएको हो ।

उहाँले प्रतियोगिता जित्दा पल्स फिटनेस गौरवान्वित भएको कराटे कोच त्रिरत्न डंगोलले बताउनु भयो ।

त्यस्तै जीम प्रशिक्षक र ाजेश कुमार पन्थी, जीम कोच सुनिल दर्शन र एम.डि. राम श्रेष्ठले शुभकामना दिंदै खुशीयाली जनाइएको हो ।

प्रमुख अतिथि वटुक कृष्ण थापाले कीर्तिपुर विभिन्न नामले प्रख्यात रहेको ठाउँ हो अहिले कीर्तिपुर निवासी गणेश अग्रवालले मि. नेपाल-२०१६ उपाधि जित्दा कीर्तिपुरको शान बढेको छ। कीर्तिपुरमा मि.नेपाल बन्न सक्ने युवकहरु रहेको शहर भन्ने पनि उदाहरण दिन सफल भएकोमा बधाई दिनु भएको थियो ।


## भर्ना खुल्यो ! भर्ना खुल्यो !!

**कीर्तिपुरको ऐतिहासिक तथा कीर्तिपुर क्षेत्रकै विद्यालय श्रोत केन्द्र रहेको कीर्तिपुर मा. वि. कीर्तिपुरमा शैक्षिक सत्र २०७३ को कक्षा नर्सरीदेखि कक्षा ९ सम्म नयाँ भर्ना खुल्यो ।**

**हाम्रा विशेषताहरु**

**१) नयाँ व्यवस्थापनका साथ विद्यालय संचालन हुने ।**
**२) कक्षा नर्सरीदेखि ४ सम्म अंग्रेजी माध्यममा वालमैत्री वातावरणमा अध्यापन गराईने ।**
**३) कक्षा १ मा भर्ना हुनेलाई हाउस ड्रेसको नि:शुल्क व्यवस्था तथा अन्य कक्षाका लागि विशेष सहुलियत दरमा हाउस ड्रेसको व्यवस्था ।**
**५) शुद्ध तथा सफा खानेपानीको पर्याप्त व्यवस्था ।**
**६) कम्प्युटर, विज्ञान प्रयोगशाला, इन्टरनेट तथा पुस्तकालयको राम्रो व्यवस्था ।**
**७) छात्रा मैत्री शौचालयको व्यवस्था सहित इन्सिलेटरको व्यवस्था ।**
**८) अतिरिक्त क्रियाकलाप लगायत समय समयमा शैक्षिक भ्रमणको व्यवस्था ।**
**९) दक्ष, तालिम प्राप्त एवं अनुभवी शिक्षकहरुवाट पठन पाठनको व्यवस्था ।**

**सम्पर्क**

**कीर्तिपुर माध्यामिक विद्यालय**

**बाहिरीगाउँ, कीर्तिपुर-१७, फोन नं. ४३३०९६७**



## हार्दिक बधाई



यस जाखा वचत तथा ऋण सहकारी संस्था लि.को निवर्तमान अध्यक्ष एवं हालका बरिष्ठ सल्लाहकार श्री **नरहरि महर्जन** (पांगा धोकासी निवासी) एकिकृत अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) को चौथो काठमाडौं जिल्ला सम्मेलनबाट काठमाडौं जिल्ला सदस्यमा निर्वाचित हुनुभएकोले उहाँलाई हार्दिक बधाई ज्ञापन गर्दछौं । उहाँको कार्यकालको सफलताको साथै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

**जाखा वचत तथा ऋण सहकारी संस्था लिमिटेड**

जाखा, पांगा कीर्तिपुर–१२



## हिलटाउन स्कूलमा भर्ना खुल्यो

एस.एल.सी. परीक्षा(२०७१ मा शत् प्रतिशत उत्तीर्ण नतिजा सहित यस कीर्तिपुर नगरपालिका क्षेत्रमै सर्वोकृष्ट (Kirtipur Region Topper) हुन सफल यस हिलटाउन स्कूलमा शैक्षिक सत्र २०७३ को लागि नर्सरी कक्षामा नयाँ भर्ना खुल्यो ।

**हाम्रा विशेषताहरू :**

१) दक्ष, तालिम प्राप्त एवम् अनुभवी शिक्षकहरुबाट मन्टेश्वरी विधिमा आधारित शिक्षण क्रियाकलाप,
२) विद्यालयमै ताजा तथा स्वस्थ्यकर खाजाको व्यवस्था (प्रि प्राइमरी) र अन्यको लागि सर्वसुलभ क्यान्टिनको व्यवस्था
३) Science lab, Computer lab, Library तथा Audio-Video को लागि छुट्टै कोठाको व्यवस्था भएको
४) जुडो, बास्केटबल, फुटबल खेलको नियमित प्रशिक्षण लगायत अन्य विविध खेलहरूको प्रशिक्षण
५) बालबालिकाहरूको अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गराई जीवनपयोगी शिक्षा प्रदान गर्ने
६) नियमित स्वास्थ्य परिक्षण, शैक्षिक भ्रमणको व्यवस्था
७) शान्त तथा बालमैत्री वातावरणमा अध्यापन गराईने

**सम्पर्क:**

**हिलटाउन उच्च माध्यमिक विद्यालय**

बाघभैरवस्थान, कीर्तिपुर(१
(विष्णुदेवी हेल्थपोष्ट अगाडि, कीर्तिपुर रिङ्गरोड)
सम्पर्क नं. ४३३१७३९,४३३१४०७

# अक्षर सङ्कन पद्धती (Letter Grading System) बारे केहि जानकारी

–नविन महर्जन

नेपाल सरकार शिक्षा मन्त्रालय परीक्षा नियन्त्रण कार्यालय द्वारा यस शैक्षिक सत्र २०७२ देखि एसएलसी परीक्षाको नतिजा अक्षर सङ्कन पद्धती द्वारा गरिने भएको छ । वास्तवमा यो पद्धती भनेको के हो र कसरी गरिन्छ भन्ने बारे विशेष गरी विद्यार्थी र अभिभावकहरुमा निकै कौतुलहता रहेको देखिन्छ । अव साच्चै विद्यार्थीहरुको परीक्षाको मापन कसरी गरिन्छ ? यसको निर्धारण गर्ने तरिका कसरी हो ? सो बारे अनभिज्ञ रहेको देखिन्छ । तसर्थ यो जिज्ञासालाई कम गर्ने प्रयास यहाँ गरेको छु ।

अक्षराङ्कन भन्नाले विद्यार्थीको मुल्याङ्कन पश्चात प्राप्त गरेका सिकाई स्तरको तह निर्धारण गरी अक्षरद्वारा सम्बोधन गर्ने मूल्याङ्कन प्रणाली हो । अथवा थोरै रेन्ज वा वर्गान्तर बोकी त्यसलाई अक्षरबाट समबोधन गरिने पद्धती नै अक्षराङ्कन पद्धती (Letter Grading System) हो । यसले विशेषत: ग्रेडको समानुपातिक वितरणमा जोड दिन्छ । प्रत्येक विषयको ग्रेडलाई पाठ्यघण्टा र स्तरीकृत अङ्कका आधारमा औसत श्रेणी निर्धारण गरिन्छ ।

अक्षराङ्कन पद्धति किन ?

यो पद्धति विश्वभरी चलिआएको परीक्षा मापन गर्ने मध्ये प्रचलित पद्धती हो तर हाम्रो देशमा बिना पूर्वतयारी नगरी त्यो पनि अरु प्राथमिक तहदेखि प्रारम्भ नगरी एकै पटक एसएलसीबाट शुरु गर्दा बुझ्न गाह्रो भएको हो । पश्चिमेली तवरले सञ्चालीत नीजि तथा कम्पनीद्वारा सञ्चालीत विद्यालयहरुमा यो पद्धती यस अघि नै भएको देखिन्छ तर सरकारद्वारा नै घोषित पद्धती अब शुरु हुँदै छ तसर्थ यो व्यवहारिक रुपमा ग्रहण गर्न समय लिन सक्छ ।

–सिकाइका सन्दर्भमा विद्यार्थीहरुले देखाएको प्रगतिको निर्धारणलाई समानुपातिक रेन्ज वा वर्गान्तरका आधारमा प्रस्तुत गर्न र विगतको अभ्यासमा सुधार गर्न,

–वर्गान्तरका आधारमा साङ्केतिक ब्याख्या गर्न,

–आफ्नो उपलब्धिका आधारमा साङ्केतिक मूल्य र योग्यता बीचको सम्बन्ध पहिचान गरी त्यसको आधारमा सर्वोत्कृष्ट तथा कमजोर क्षेत्र निर्क्यौल गर्न,

– हामीले गरेको प्राप्ताङ्कको क्षेत्रमा संधै आफूलाई उत्कृष्ट बनाउन र सघन सिकाइमा केन्द्रित गर्न,

–सिकेका पक्ष उजागर गरी सकारात्मक उत्प्रेरणा प्रदान गर्न,

–उच्च प्राप्ताङ्कका आधारमा हुने अस्वस्थ प्रतिस्पर्धा कम गर्न,

–अन्तर्राष्ट्रिय अभ्यास तथा प्रचलनसँग मिलान गर्न,

–विषयगत रुपमा सिकाइ मापदण्ड र सूचक तयार गरी सिकाइ संस्कृतिको विकासका लागि पूर्व तयार गर्न, ग्रेड निर्धारण तथा मुल्याङ्कन व्यवस्था : हाल नेपाल सरकार शिक्षा मन्त्रालय परीक्षा नियन्त्रण कार्यालयद्वारा माध्यमिक शिक्षा उतीर्ण परीक्षा एसएलसी मा अक्षराङ्कन पद्धती लागु गर्न निम्न अनुसारको ग्रेड निर्धारण तथा मुल्याङ्कन गरिएको छ ।

| Marks | 100-90 | 90-80 | 80-70 | 70-60 | 60-50 | 50-40 | 40-20 | 20-1 | O |
|---|---|---|---|---|---|---|---|---|---|
| Grade | A+ | A | B+ | B | C+ | C | D | E | N |
| Remarks | out standing | Excelent | Very good | Good | Above average | Average | Below Aver. | Insuficient | N.G |
| Grade point | 4. | 3.6 | 3.2 | 2.8 | 2.4 | 2,0 | 1,6 | 0.8 | 0 |

कार्यान्वयन व्यवस्था : यस पद्धतीमा उत्तरपुस्तिकाको परीक्षण र सम्परीक्षण अङ्कमा गरिन्छ नर पछि अङ्कलाई अंकरग्रेडमा रुपान्तर गरिन्छ । अबदेखि उत्तीर्ण/अनुत्तीर्णको सट्टा विषयगत ताथा समग्र ग्रेड दिइने छ ।

बढीमा कुनै दुई विषयमा D र D भन्दा तल्लो ग्रेड प्राप्त गरेमा पुनः परीक्षामा सामेल गर्न सक्दछ तर सो भन्दा बढी विषयमा D प्राप्त गरेको छ भने पुनः मुल्याङ्कन गर्न मूल परीक्षामा सहभागी हुने पाउने छन् । सरोकारवाला निकाय वा संस्थाले आफ्नो उद्देश्य र आवश्यकता अनुसार विद्यार्थीले प्राप्त गरेको प्रमाणपत्रको आधारमा उपयोग गर्न सक्ने हुन्छ ।

तसर्थ समग्रमा हामी के बुझ्न सक्छु भने म ग्रेड भनेको कमजोर हो भने ब भनेको उत्कृष्ट हो तसर्थ हामीले कुन ग्रेड प्राप्त गर्ने हो र सो को लागि कती मेहनत र परिश्रम गर्नु पर्दछ भनेर बुझ्नु पर्दछ । सकारात्मक शिक्षा दिई मनोवैज्ञानिक रुपमा उत्प्रेरित गर्न सहज हुन्छ । आफ्नो इच्छा अनुसार पढ्न र पढाउने राम्रो ग्रेडको आवश्यक पर्दछ भन्ने कुरा मनन गर्नु पर्दछ ।

# कीर्तिपुर सरसफाईको पाँचौं हप्ता

कीर्तिपुरलाई पर्यटकीय नगरी बनाउने अभिप्रायले सुरुमा सम्पदा मार्ग सरसफाई गर्ने उद्देश्यले समुदाय प्रहरी सेवा समिति गठन गरिएको थियो । पछि प्रहरी बृत्त कीर्तिपुरका प्रमुख डि.एस.पि. डा. मेख बहादुर खत्रीको पहलमा विभिन्न समिति निर्माण गरियो । त्यसै अन्तर्गत सरसफाईको लागि वातावरण संरक्षण उपसमिति गठन गरी कीर्तिपुरको विभिन्न स्थानमा सरसफाई गरिँदै आएको पाँच हप्ता भएको छ ।

पाँचौं सनिवार कीर्तिपुरको प्रवेशद्वारदेखि उत्तरतिरको बाटोमा सरसफाई गरिएको थियो ।

उक्त सरसफाईमा कीर्तिपुर प्रवेशद्वारलाई कुरुप हुने गरी टाँसीराखेको पोस्तर पम्पलेट सफा गर्नतिर कसैले चासो राखेन ।

यस सम्वाददाताले अनुरोध गर्दा पानीको अभाव दर्शाएर वास्ता गरिएन । कच्चि बाटोको वरिपरिको घाँस उखेलेर औपचारिकता निभाइयो । कार्यक्रममा सशस्त्र प्रहरी र जनपथ प्रहरीको उल्लेख्य उपस्थिति रहेको थियो । त्यस्तै वातावरण संरक्षण उपसमितिका पदाधिकारीहरुको पनि उपस्थिति रहेको थियो । तर स्थानीय टोलवासीको नगण्य उपस्थिति रहेको थियो । फोहोर गर्नेले नै सफाई गर्नु पर्ने अवधारणा रहे पनि सर्वसाधारणले खासै चासो देखाएको छैन । यो एउटा औपचारिकतामा मात्र सिमित नहोस् ।

# नगां ज्ञानमाला भजन खल:को ज्येष्ठ नागरिक भ्रमण



नगां ज्ञानमाला भजन खल: नगां अन्तर्गतको बृद्ध सेवा समितिको आयोजनामा चैत्र १३ गते सनिवार कीनपा वडा नं १६ का ज्येष्ठ नागरिकहरुलाई काभ्रेको नमरा अर्थात नमोबुद्ध र नाला करुणामयको भ्रमण गराइएको थियो । तीन वटा बसमा करीव ४० जना ज्येष्ठ नागरिकहरुको सहभागिता रहेको थियो ।

सात वर्ष पहिले गठन गरिएको बृद्ध सेवा समितिले योभन्दा पहिले पनि चारचोटि विभिन्न स्थानमा भ्रमण गराइसकेको अध्यक्ष हीरा डंगोलले बताउनुभयो । उहाँका अनुसार गत बैशाख १२ गतेको विनाशकारी भुकम्पले गर्दा ज्येष्ठ नागरिकहरु शारीरिक र मानसिक तनावमा रहेकोले यसपाली सहभागितामा अलि कम आएको हो ।

भ्रमणमा लैजानु पूर्व नगाउँको बालकुमारी मन्दिर परिसरमाज्येष्ठ नागरिकहरुको स्वास्थ्य परीक्षण गरिएको थियो । उक्त स्वास्थ्य परीक्षण नगाउँस्थित प्रयास सामुदायिक अध्ययन केन्द्रका स्वयंसेवकहरुले गर्नुभएको थियो । धुलिखेल नाघेको एकछिन पछि फुलवारी भन्ने चौरमा सबैलाई एकत्रित गरी फलफूल र विस्कुट प्रदान गरि एकछिन आराम गर्न लगाइयो । त्यसपछि नमोबुद्धमा पुगे । त्यहाँ सबैले पूजाआजा, धूप, बत्ती चढाइसकेपछि माथि ठाङ्गु टासी याङचे गुम्बामा जलपान गराइयो । जलपान पछि देशमा कुनै बाधाविघ्न नहोस भनी शान्ति कामना गर्दै बुद्धपुजा र लामा भन्तेहरुबाट परित्राण पाठ गरियो । उक्त परित्राण पाठ लामा भन्ते गुरु कर्मा रिन्छेकको नेतृत्वमा भएको थियो । बुद्धपूजा नगरमण्डप कीर्ति विहार कीर्तिपुरको बरिष्ठ भन्ते धर्मकीर्ति महास्थवीरको नेतृत्वमा पञ्चशील पाठ भएको थियो । परित्राण पाठ र बुद्धपूजा पछि लामा भन्तेहरुलाई खादा ओढाई नगां ज्ञानमाला भजन खल:का अध्यक्ष बेखालाल महर्जनले सम्मान गर्नुभएको थियो । उहाँलाई बेखाराम महर्जन र विश्वराज महर्जनले सहयोग गर्नुभएको थियो भने कार्यक्रम संचालन बृद्ध सेवा समितिका अध्यक्ष हीरा डंगोलले गर्नुभएको थियो । उक्त पूजा सकिएपछि बोधिसत्वले बाघलाई आफ्नो शरीरको मासु काटेर खुवाएको ठाउँमा रहेको मन्दिर घुमाउन लगिएको थियो । त्यसपछि गुम्बाको भोजन गृहमा भोजन गराइयो । नमोबुद्ध र गुम्बाको भ्रमणपछि फर्कनेक्रममा नालाको सृष्टिकान्ता लोकेश्वर करुणामय दर्शन गर्न पनि लगिएको थियो । भर्खर नाला करुणामयको जात्रा सकिएको बेला भएर रातो मच्छिन्द्रनाथको पनि दर्शन गर्न पाएका थिए ।

गुम्बामा भएको जलपान र भोजको जिम्मा गुम्बाका लामा गुरु कर्मा रिन्छेकले लिनु भएको थियो । त्यस्तै बसको व्यवस्था श्रीनाथ कलेक्शनका रमानाथ श्रेष्ठ, खानपानको व्यवस्थान नगाउँका रत्नदास महर्जनले लिनु भएको थियो । त्यस्तै विस्कुट व्यवस्थापन अष्टवहादुर महर्जन, मिनिरल वाटरको व्यवस्थापन हीरा डंगोल, औषधि व्यवस्थापन प्रेमदास महर्जन, स्वास्थ्यकर्मिहरु प्रेमदास महर्जन र बासुदेव नेवा: संचार कर्मिहरुमा कीर्तिपुर च्यानलका ललेन्द्र शाक्य र ललित महर्जन, ज्वजलपा वा:पौका नजरराम महर्जन पनि भ्रमण रहेका थिए ।

नेपाल सरकार
अर्थ मन्त्रालय

## राजस्व अनुसन्धान विभागको सूचना

तपाईंको घर, छिमेक, टोल र समुदायमा कसैले कालो धन्दा, अवैध सामानको ओसारपसार, कर छली जस्ता क्रियाकलापबाट अकुत सम्पत्ति कमाई आर्थिक अपराध तथा सामाजिक विकृति सृजना गरेको वा आयकर, मूल्य अभिबृद्धिकर, भन्सार महसुल, अन्तशुल्क, गैरकर छली गरी राजस्व चुहावट गरेको वा विदेशी विनिमयको अपचलन तथा सम्पत्ति शुद्धिकरण जस्ता गलत आर्थिक आचरण गरेको थाहा पाउनु भएमा त्यस्ता ब्यक्ति वा संस्थाको जानकारी हामीलाई दिनुहोस् । तपाईंको नाम र ठेगाना गोप्य र हनेछ । तपाईंले दिएको अमूल्य सूचनाले राष्ट्रको ढुकुटी बढाउन महत्वपूर्ण योगदान पुऱ्याउने छ । तपाईंले दिएको सूचना बापत कानुन बमोजिम पुरस्कृत समेत गरिनेछ ।

टेलिफोन नं.: ०१-५०१००८५, ५५२७८८५, ५५५१८०२, ५०१००५७
टोल फ्रि नं. : १६६०-०१-५५००

# कीर्तिपुर नपाको १९ औं स्थापना दिवस



कीर्तिपुर नगरपालिका २०५३ साल चैत्रमा स्थापना भएको थियो। सोहि अवसर पारी गत चैत्र १४ गते १९ औं स्थापना दिवस मनाईयो । की.न.पा.का प्रमुख एवं कार्यकारी अधिकृत उद्धव प्रसाद रिजालको अध्यक्षतामा भएको कार्यक्रमको प्रमुख अतिथि संघिय मामिला तथा स्थानीय विकास राज्यमन्त्री कुन्ती कुमारी शाहीले उद्घाटन गर्नु भएको थियो । उद्घाटन मन्तव्य दिंदै उहाँले राजनीतिक मुद्धा संबोधन भैसकेकोले राजनितीक इतिहास बोकेको कीर्तिपुर नगर र नगरवासीको माग पूरा गर्ने विकास गतिविधि तीब्र गतिमा अघि बढाउन नगरपालिका र दलिय संयन्त्रमा अपील गर्नु भयो। कार्यक्रममा प्रमुख अतिथिले नगर पालिकाका ठूला ५ जना करदातालाई, साफ गेममा पदक जित्ने ३ खेलाडी र नगरपालिकाका २ जना उत्कृष्ट कर्मचारीलाई सम्मान पनि गर्नु भयो । साथै सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५ बमोजिमको विवरण तथा सूचना समेटिएको कीर्तिपुर नगरपालिकाको वार्षिक नगर बिकास योजना, पुस्तिका समेत विमोचन गर्नु भयो। ५ हजार नगद पुरस्कार सहित सम्मानित हुने कर्मचारीहरुमा नरवहादुर महर्जन, सन्तोष खत्री हुनुहुन्थ्यो। समारोहमा विशेष अतिथि सांसद राजेन्द्र कुमार के.सि.ले सबै पार्टी मिलेर विकासका गतिविधि अघि बढाउन सुझाउनु भयो भने संविधान सभाको चुनाब दौरान कीर्तिपुरको खानेपानी समस्या समाधान गर्न नसकेकोमा क्षमा याचना गर्नु भयो भने सुन्दरीघाट्बाट भाजंगल हुँदै फोहोर पानी आफुले नल्याएको पनि जानकारी दिनुभयो। घरजग्गा कर र नक्सा पास मापदण्डका बिषयमा नगरवासिको गुनासो सम्बोधन गर्न नगरपालिकालाई अपील गर्नु भयो।

त्यस्तै कार्यक्रममा स्थानीय विकास अधिकारी गोपाल अधिकारी, नगरपालिकावाट भर्खर गठन गरिएको ७ जनाको सल्लाहकार समितिको तर्फबाट पूर्ब नगरप्रमुख हिराकाजी महर्जन, दलिय संयन्त्रका प्रतिनिधिहरुले समेत शुभकामना मन्तव्य राख्नु भएको थियो। कार्यक्रममा नगरपालिकाको हालसम्मको विकास गतिविधिमा समेत प्रकाश पार्दै प्रसाशन शाखा प्रमुख, शाखा अधिकृत सुजिन्द्रले स्वागत मन्तव्य राख्नु भएको थियो भने ना.सु. चन्द्रमाया महर्जनले कार्यक्रम संचालन गर्नु भएको थियो।

# आठौं सहिद स्मृति कप खुल्ला ब्याडमिन्टन प्रारम्भ



**–नविन महर्जन–**

कीर्तिपुर नगरभित्र प्रतियोगिताको हकमा बाँकीरहेका सिमीत खेहरुमध्ये ब्याडमिन्टन एक हो। नियमित रुपमा अभ्यास गरिरहने, कीर्तिपुरको विभिन्न स्थलहरुमा कोर्ट समेत निर्माण गरि खेलीराख्ने खेलहरु मध्ये यो एक हो । शारीरिक र मानसिक रुपमा आफुलाई चुस्त र फुर्तिलो बनाउने हेतुले यस खेलमा आकर्षण पनि बढ्दो छ । कीर्तिपुर नगर भित्र वर्षेनी देबढोका ब्याडमिन्टन समूह, हिलटाउन उच्च मा.वि.को भूतपूर्व विद्यार्थीहरुको संगठन र युवा खेलकुद समूहले प्रतियोगिताहरु सञ्चालन गर्दै आइरहेका छन् ।

यस ब्याडमिन्टन खेललाई अझ लोकप्रिय बनाउन यस भेगका ब्याडमिन्टन खेलसँग सम्बन्धि व्यक्तिहरु र खेलप्रेमीहरु बसेर कीर्तिपुर ब्याडमिन्टन क्लब गठन गरी दर्ता समेत गरि राखेको छ । उक्त संस्थाको सक्रियतामा छिट्टै विभिन्न विद्यालयका विद्यार्थीहरुलाई ब्याडमिन्टन प्रशिक्षण कार्यक्रम समेत सञ्चालन गर्ने तय गरि सकेको छ। जस्ले गर्दा आगामी दिनहरुमा यस खेलले थप आकर्षण गराउने र खेलाडीहरु पनि बृद्धि हुने सम्भावना देखिएको छ । केवल आफ्नो शोख र इच्छाले मात्र खेलिने, ठाउँमा प्रशिक्षण लिंदै व्यावसायिक रुपमा वा सो खेललाई नै अंगाली नियमित खेल खेल्ने, खेलाडी उत्पादन गर्न सके यस खेलको भविष्य अझ राम्रो हुने देखिन्छ ।

यसै खेललाई प्रोत्साहन गर्न युवा खेलकुद समूहले गत चैत्र १५ गते सोमवार देखि आठौं सहिद स्मृति कप खुल्ला ब्याडमिन्टन प्रतियोगिता ०७२ सुरु गरिसकेको छ । यस प्रतियोगितामा यस वर्ष खुल्ला मेन्स सिङ्गल, खुल्ला मेन्स डबल र जुनियर सिङ्गल इभेन्टस समावेश गरिएको छ। आउँदो चैत्र २० गते कीर्तिपुरमा मनाउने सहिद दिवशको अवसर मा यो प्रतियोगिता नियमित रुपमा सञ्चालन भैराखेको हो। जस्मा कीर्तिपुरको लगायत राष्ट्रिय स्तरका खेलाडीहरुले समेत सहभागिता जनाइराखेको छ जस्ले गर्दा पनि दिन प्रति दिन यस खेलको लोकप्रियतामा बृद्धि भैराखेको छ ।

२०४६ सालको जन आन्दोलनमा कीर्तिपुरका चार जना वीर सपूतहरुले चैत्र २० गते शहादत प्राप्त गरेकोले कीर्तिपुरमा सो दिन उहाँहरुको सम्झनामा नगरपरिक्रमा गरी शहिद दिवस मनाउँदै आइरहेको छ ।

साथै सोही अवसरमा साँस्कृतिक श्रद्धाञ्जली कार्यक्रम, रक्तदान कार्यक्रम, क्यालेण्डर प्रकाशनको साथै यस सहिद स्मृति ब्याडमिन्टन प्रतियोगिता पनि नियमित गर्दै आइरहेको कार्यक्रम हो।

गत चैत्र १५ गते सोमबार ब्याडमिन्टन खेल उद्घाटन पूर्व सहिद व्यवस्थापन समितिको तर्फबाट अध्यक्ष लगायत उपस्थित विभिन्न अतिथीहरुले शहिदप्रति श्रद्धाञ्जली ब्यक्त गर्दै प्रतियोगिताको औपचारिक उद्घाटन भएको थियो ।

आशा गरौं विगतका प्रतियोगिताहरु जस्तै यो आठौं सहिद स्मृति कप सफलता पूर्वक सम्पन्न होस भनेर कामना गर्दछौं ।

# भावपुर्ण श्रद्धाञ्जली

जन्म : १९९२/१०/२३



निधन: २०७२/१२/०५

स्व. आसमान महर्जन

यस गुठीका सदस्य **आसमान महर्जन**को यही २०७२ चैत्र ५ गते शुक्रवारका दिन असामयिक दिवंगत हुनु भएकोमा हामी अत्यन्त मर्माहत भएका छौं । यस दु:खद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**बिचाः गुठी**

पांगा, दथल

२००६

कविता

# महिला



**कबि : राम महर्जन**

कि. न. पा १६ नगाउँ

महिला तिमी धरती हौ
मात्र पुरुषको खेलौना होइनौ
यस धरतीको सबैले पुजौं
यसको महान महत्व बुझौं

महिलाहरु सबै मिलेर बसौं
पुरुष सरह अगाडी बढौं
स्वार्थीभाव सबै त्यागौं
सेवा भाव मनमा जगाऔं

महिला महत्व देशभर फैलाऔं
पुरुषको सामु नाचेर नबसौं
हिम्मत गरी काम गरि देखाऔं
घर परिवार मिलेर बसौं

शिक्षित महिलाको कदर गरौं
अशिक्षित महिलाहरु शिक्षित बनौं

शिप सिकौं आत्म निर्भर बनौं
पुरुष सरह अगाडी बढौं

आफ्नो मन शुद्ध पारौं
गलत काम गर्दै नगरौं
भ्रष्ट विचार टाढै राखौं
गरिब दु:खी सबैलाई माया गरौं

जन्म घरलाई छोडेर
पराई घरलाई आफ्नो ठानेर
पाले पाप मारे पाप भनेर नबसी
अगाडी बढ संघर्षसिल बाटो लम्केर





प्रमाणित सुन तथा चाँदीका गहनाका लागि

# पद्ममिनि

*Jewellers*





अहिले पनि पद्ममिनिको गहना जहिले पनि

सुन भनेको विश्वास हो

२४ क्यारेट भनेर किने पछि
२४ क्यारेट नै हुनुपर्छ

सुनका गहना, आर्कषक
डिजाईन र भरपर्दो हुनुपर्छ

स्थान : त:ग वपी,नगाऊँ ढोबाटो, कीर्तिपुर-१७
सर्म्पक : ९८०२०१३७८०